**भेरीगंगा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**छिन्चु, सुर्खेत**

कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

**खण्डः ०५** **संख्याः ०८** **मितिः २०७९/०९/१७ गते**

**भाग–२**

**भेरीगंगा नगरपालिका**

## आकस्मिक कोष सन्चालन तथा व्यवस्थापन कार्यविधि-२०७९

**प्रस्तावनाः**

स्थानीय सरकार सन्चालन ऐन २०७४ को परिच्छेद १० को दफा ७० बमोजिम यस भेरीगंगा नगरपालिकाको स्थानीय संचित कोषबाट केही रकम विनियोजन गरी आकस्मिक कोषको स्थापना गरिएको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी यस नगरपालिकाले नगरपालिकाको अधिकार क्षेत्रभित्र प्राकृतिक तथा गैरप्राकृतिक विपद्, अत्यन्तै न्युन आर्थिक स्थिति भएका मुटु, मृगौला, क्यान्सर, मष्तिष्क, मेरुदण्ड लगायतका शरिरका संवेदनशिल अंगहरुका दीर्घरोगी तथा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिलाई नियन्त्रण गर्न एक आकस्मिक कोष स्थापना गर्न वाञ्छनिय भएकोले यो कोषको स्थापना गरी लागु गरिएको छ ।

परिच्छेद १

### संक्षिप्त नाम र प्रारम्भ

**१. सक्षिप्तनाम र प्रारम्भ**

१.१ यस कार्यविधिको नाम" आकस्मिक कोष सन्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ ।

१.२ यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**

विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "आकस्मिक कार्य" भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागि, हुरीबतास, चट्याङ्ग, माहामारी जस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपद् लगायत मानवीय जीवनमा दीर्घकालीन असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सर, मष्तिष्क, मेरुदण्ड जस्ता दीर्घरोगबाट पिडित तथा पूर्ण अशक्त व्यक्तिहरुका लागि तत्काल गरिने आकस्मिक राहात तथा उद्धार कार्य लगायतलाई बुझ्नुपर्छ ।

ख. "कार्यपालिका" भन्नाले भेरीगंगा नगर कार्यपालिका भन्ने बुझ्नुपर्छ ।

ग. "कार्यविधि" भन्नाले आकस्मिक कोष सन्चालन तथा व्यवस्थापन कार्यविधि २०७९ भन्ने बुझ्नुपर्छ ।

घ. "कोष" भन्नाले यस कार्यबिधि बमोजिम स्थापना गरिएको आकस्मिक कोष भन्ने बुझ्नुपर्छ ।

**३. कोष स्थापना**

३.१ यस नगरपालिकामा "आकस्मिक कोष" नामक एक कोषको स्थापना हुनेछ ।

**४. आकस्मिक कोषमा जम्मा गरिने रकम**

४.१ नगरपालिकाको संचित कोषबाट आर्थीक सहायता सम्बन्धि कार्यबिधि २०७९ बमोजिम आर्थिक सहायता प्रदान गर्न र विपद् व्यवस्थापनका लागि नगर सभाको निर्णय बमोजिमको विनियोजित रकम आकस्मिक कोषमा जम्मा गरिनेछ ।

परिच्छेद २

## कोषको अवधारणा, लक्ष्य, उद्धेश्य र नीति

**५. अवधारणा**

भेरीगंगा नगरपालिका भित्रमा घट्न सक्ने सबै प्रकारका प्राकृतिक तथा मानव सिर्जित विपद्बाट प्रभावित व्यक्ति, परिवार तथा संघसंस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरु लगायत अप्रत्याशीत घटनामा परी अंगभंग भएकाहरुलाई पहिचान गरी आर्थीक सहायता







सम्बन्धि कार्यबिधि २०७९ बमोजिम राहत सहयोग पुऱ्याउनु नै यो कोषको अवधारणाहुनेछ ।

**६. लक्ष्य**

प्राकृतिक तथा मानवसिर्जित विपद्को प्रकोपमा परेका व्यक्ति परिवार तथा संघसंस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउनु, विपन्न दीर्घरोगीहरु, अंगभंग भएकाहरुलाई तत्काल राहत सहयोग पुऱ्याउनु र अप्रत्यासित स्थितिमा सन्चालन हुने उद्धार तथा राहत सम्बन्धि कार्यहरु गरी मानवीय एवं जनधनको क्षती हुने अवस्थामा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य**

७.१ विपद् पिडितहरुलाई तत्काल उद्धार गरी राहत उपलब्ध गराउने,

७.२ आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिको सामना गर्न आवश्यक तयारी एवम् कार्य गर्ने,

**८. नीति**

८.१ विपद् पिडितहरुलाई तत्काल राहत उपलब्ध गराई पुनःर्स्थापनातर्फ उन्मुख गराउने,

८.२ नगरपालिकाको कार्यक्षेत्र भित्र भईपरि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

८.३ स्थानीयतहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरु, दुर्घटनामा परि अंगभंग हुनेहरुलाई तत्काल राहत उपलब्ध गराउने,

परिच्छेद ३

## कोषको व्यवस्थापनतथा सन्चालन सम्बन्धिव्यवस्था

**९. कोषको व्यवस्थापन तथा सन्चालन सम्बन्धि व्यवस्था**

९.१ कोषका लक्ष्य तथा उद्देश्यहरु प्राप्तीका लागि भेरीगंगा नगरपालिका स्वयम्ले कोषको व्यवस्थापन गर्नेछ ।

९.२ बिपद् तथा विशेष परिस्थितिमा यस नगरपालिकाले बनाएको आर्थिक सहायता सम्बन्धि कार्यबिधि २०७९ माभएको व्यवस्था अनुसार कोषबाट रकम खर्च गरिनेछ ।

९.३ बुदाँ नं. २ (क) मा परिभाषित आकस्मिक कार्य बाहेक अन्य प्रयोजनका लागि यस कोषबाट रकम खर्च गर्न सकिने छैन ।

९.४ यो कोषको सन्चालन नगर प्रमुखको निर्देशनबमोजिम प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

## परिच्छेद ४
## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

**१०. कोषको वित्तिय व्यवस्थापन**

१०.१ कोषमा देहायका रकमहरु रहनेछन्:

(क) नगरसभाबाट आकस्मिक कोषका लागि वार्षिक रुपमा विनियोजन हुने रकम,

(ख) दातृ निकाय, गैरसरकारी संस्था, संघीय सरकार, प्रदेश सरकार तथा अन्य स्रोतबाट कोषलाई प्राप्त हुने रकम,

**११. कोषको आर्थिक व्यवस्था**

कोषको आर्थिक व्यवस्थापन स्थानीयतहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुनबमोजिम हुनेछ ।

**१२. प्रशासनिक व्यवस्था**

कोषको प्रशासनिक तथा आर्थिक कारोवार बुँदा नं. ९.४ मा उल्लेख भएबमोजिम हुनेछ ।

## परिच्छेद ५
## विविध

**१३. आकस्मिक कोषको रकम बृद्धि गर्न सक्ने**

नगरपालिकाले नगरसभाबाट बजेट स्वीकृत गराई वा अन्य सरकारी तथा गैरसरकारी संस्थाको अनुदान प्राप्त गरी आकस्मिक कोषमा रहने रकममा आवश्यकता अनुसार बृद्धि गराउन सक्नेछ ।

**१४. जाँचपास तथा फरफारक**

यस कोषबाट खर्च भएको रकमको जाँचपास तथा फरफारक नगरपालिकाको कानूनबमोजिम हुनेछ ।





आकस्मिक कोष सन्चालन तथा व्यवस्थापन कार्यविधि-२०७९

**१५. कार्यविधिको संशोधन**

यस कार्यविधिलाई नगर कार्यपालिकाले आवश्यकताअनुसार संशोधन गर्न सक्नेछ।

**१६. बचाउ र खारेजी**

(क) यस कार्यविधिमा उल्लेख भएकोमा यसै कार्यबिधि बमोजिम र यस कार्यबिधिमा उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ। यो कार्यबिधि स्थानीय सरकार संचालन ऐन २०७४, सँग बाझिन गएमा बाझिएको हकसम्म स्वत:खारेज हुनेछ ।

(ख) कुनै कारणबाट कोष सन्चालन हुन नसकेमा नगर कार्यपालिकाले यो कोषलाई खारेज गर्न सक्नेछ। कोष खारेज भएमा कोषमा रहेको सम्पत्ति तथा दायित्व नगरपालिकाको संचित कोषमा स्वत: सर्नेछ ।

आज्ञाले
**कृष्णप्रसाद पोखेल**
प्रमुख प्रशासकीय अधिकृत